मिति २०७९/७/१८, का पा बैठक सं ५-०७९/८०

## कार्यपालिकाे बैठकका निर्णयहरु

**प्रस्तावहरु**

१. मेला संचालनको लागि वजेट व्यवस्थापन सम्वन्धमा
२. एम्वुलेन्स संचालन तथा व्यवस्थापन सम्वन्धमा
३. माछापोखरी ठेक्का वापतको रकम असुल सम्वन्धमा
४. विविध
   क) सवारी साधन खरिद
   ख) रोजगार संयोजकको जिम्मेवारी

## निर्णयहरु

**१. मेला संचालनको लागि वजेट व्यवस्थापन सम्वन्धमा**

क) यस गाँउपालिकाको वडा नं ५ स्थित ओमसतिया माई मन्दिरमा प्रत्येक बर्ष कार्तिकको ठूला एकादशी देखि पूर्णिमासम्म लाग्ने मेलामा नेपालका विभिन्न जिल्ला तथा छिमेकी मित्रराष्ट्र भारतबाट समेत गरी लाखौ भक्तजनहरु दर्शन गर्न र कार्यक्रम अवलोकन गर्न आउने तथा उक्त मेलामा विभिन्न सांगितिक कार्यक्रम, रामलिला प्रदर्शन, कुस्ती खेल संचालन, भण्डारा व्यवस्थापन लगायतका कार्यहरुमा ठूलो रकम खर्च हुने हुदा उक्त मेला संचालन तथा व्यवस्थापन समितिबाट गाँउपालिकामा पेश भएको कार्यक्रम संचालन सम्वन्धी प्रस्तावना स्वीकृत गरी उक्त कार्यको लागि आ.व. २०७९/८० का लागि विनियोजित गा.पा. स्तरीय धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षक(वजेट शिर्षक नं २५३१४) बाट रु २ लाख र वडस्तरीय कार्यक्रम शिर्षक नं २२५१२(१०.४) बाट रु ३ लाख गरी **जम्मा रु ५ लाख** रकम उपलब्ध गराउने। साथै उक्त पर्वको अवसरमा मिति २०७९ कार्तिक २२ गते पूर्णमाका दिन ओमसतिया गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा स्थानीय पर्व विदा दिने ।

ख) ओमसतिया गाँउपालिका वडा नं ३ स्थित रामसीता विवाह महोत्सव संचालनको लागि आ.व. २०७९/८० का लागि विनियोजित गा.पा. स्तरीय धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षक(वजेट शिर्षक नं २५३१४) बाट रु १ लाख रकम उपलब्ध गराउने।

**२. एम्वुलेन्स संचालन तथा व्यवस्थापन सम्वन्धमा**

भगत सर्वजित प्रतिष्ठानद्वारा यस गाँउपालिकालाई उपलब्ध भई साविकमा छोट्की रामनगर स्वास्थ्य चौकीमार्फत संचालन हुदै आएको एम्वुलेन्सलाई प्रभावकारी संचालन तथा व्यवस्थापन गर्ने सन्दर्भमा देहाय अनुसार गर्ने।

- एम्वुलेन्स मर्मत गरी संचालन तथा व्यवस्थापनको जिम्मा वसन्तपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई दिने
- एम्वुलेन्सको संचालन सम्वन्धमा उक्त संस्थाको व्यवस्थापन समिति तथा गाँउपालिका अध्यक्ष, उपाध्यक्ष र स्वास्थ्य शाखा प्रमुखको संयुक्त बैठकबाट दररेट कायम गर्ने।

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

- एम्बुलेन्स चालक र मर्मतको खर्च गाँउपालिकाले उपलब्ध गराउने । एम्बुलेन्स चालकको रुपमा अर्को व्यवस्था नहुदासम्मको लागि सवारी चालक अनुमति प्राप्त यस गाँउपालिकामा कार्यरत नगर प्रहरी विरेन्द्र पासी लाई जिम्मा दिने।

**३. माछापोखरीको बक्यौता रकम असुलोपर सम्वन्धमा**

मिति २०७९/४/२६ को गाँउसभा बैठकबाट माछापोखरीको बक्यौता रकम असुलोपर सम्वन्धमा निर्णय गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन भएकोमा सो सम्वन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो

- यस गाँउपालिकाबाट विगतमा ठेक्का भएका वडा नं ६ स्थित माछापोखरीहरुको सम्झौता बमोजिमको रकम जम्मा नगरेका व्यक्तिहरुलाई पटक पटक ताकेता गर्दा बक्यौता बाँकी रहेका केदार यादवको नाममा रहेको ठेक्का नं ORM-28/076/77 र राजेन्द्र हरिजनको नाममा रहेको ठेक्का नं ORM-32-7076/77 बाट आंशिक रकम जम्मा भई गाँउपालिका अध्यक्ष एवम सम्वन्धित वडाध्यक्षसामु बाँकी रकम भुक्तानी गर्नको लागि २-४ दिनको थप समयको लागि अनुरोध भएकोमा निजहरुले मिति २०७९ कार्तिक २५ गतेसम्म हालसम्मको सम्पूर्ण रकम दाखिला नगरेमा रकम असुलोपर नहुदासम्म वा अर्को निर्णय नहुदासम्मको लागि निजहरुको र सगोलको परिवारको नाममा रहेको घरजग्गा रोक्का राख्नको लागि मालपोत कार्यालय रुपन्देहीलाई लेखि पठाउने तथा बक्यौता रकम असुलोपर नहुदासम्मको लागि वडा कार्यालय र गाँउपालिकाको कार्यालयबाट प्रदान हुने सेवा सुविधा तथा सिफारिसहरु निजहरुलाई उपलब्ध नगराउने ।
- विगतका वडा नं ५ को कार्यालयबाट ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेका माछापोखरीहरुको सम्वन्धमा समेत हालसम्मको बक्यौता यहि कार्तिक २५ गते सम्म असुलोपर नभएमा रकम असुलोपर नभएसम्म वा अर्को निर्णय नहुँदासम्मको लागि सम्वन्धित व्यक्ति र सगोलको परिवारका नाममा रहेको घरजग्गा रोक्का राख्नको लागि सम्वन्धित वडा कार्यालय मार्फत मालपोत कार्यालय रुपन्देहीमा लेखि पठाउने साथै गाँउपालिका र वडा कार्यालयबाट प्रदान हुने सेवा सुविधा र सिफारिसहरु उपलब्ध नगराउने।

**४. विविधः**

क) **सवारी साधन खरिद सम्वन्धमाः** यस गाँउपालिकाको आर्थिक वर्ष २०७९/८० का लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार चारपाङ्ग्रे सवारी साधन खरिद शिर्षकमा रु ५० लाख बजेट विनियोजन भएकोमा उक्त रकमको सीमाभित्र रहि कार्यालय प्रयोजनको लागि १ थान डवल क्याप पिकअप फोरहील ड्राईभ खरिद गर्नको लागि प्रकृया अगाडी बढाउने।

ख) **रोजगार संयोजकको जिम्मेवारी र थप सेवा सुविधा सम्वन्धमाः** यस गाँउपालिकामा रोजगार संयोजकको दरबन्दी रिक्त रहेको हुँदा उक्त पदको पदपुर्ति नहुदासम्मको लागि यस कार्यालयका अधिकृत छैठौं श्री अमृता पाण्डेयलाई साविकको जिम्मेवारीका अतिरिक्त रोजगार संयोजकको जिम्मेवारी समेत प्रदान गर्ने र उक्त अतिरिक्त जिम्मेवारी रहदासम्मको लागि निजलाई मासिक रु ४००० का दरले थप सुविधा उपलब्ध गराउने।

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत